नेपाल सरकार
विज्ञापन बोर्ड
बबरमहल, काठमाडौं

प.सं. :- ०८१/८२
च.नं. :- ३३५

मिति :- वि.सं. २०८१/१०/२५
ने.स. :- ११४५ सिल्लाथ्व १० शुक्रवार

विषयः २०८१ साल फाल्गुण महिनामा प्रकाशन गर्न लोककल्याणकारी विज्ञापन पठाइएको ।

श्री सम्पादकज्यू/प्रकाशकज्यू
आ.व. २०७७/७८ को वर्गिकरणमा परेका पत्रपत्रिकाहरू

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा ३२ र विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ६ साथै छापामाध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रकाशनसम्बन्धी कार्यविधि, २०८१ बमोजिम छापामाध्यमबाट लोककल्याणकारी विज्ञापन प्रकाशन गर्ने प्रयोजनको लागि आ.ब.२०७७/७८ को वर्गीकरणमा परेका पत्रपत्रिकाले २०८१ साल फाल्गुण महिनामा संलग्न बमोजिमका लोककल्याणकारी विज्ञापन प्रकाशनको लागि पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ । बोर्डबाट उपलब्ध गराइएको लोककल्याणकारी विज्ञापन प्रकाशन गर्दा देहाय बमोजिम गर्नु गराउनुहुन साथै सो बमोजिम नभएमा लोककल्याणकारी विज्ञापन प्रकाशन बापतको रकम भुक्तानी नहुने व्यहोरा समेत अनुरोध छ ।

तपसिलः

१. पत्रसाथ उपलब्ध गराइएका विज्ञापनहरू २०८१ साल फाल्गुण महिनाको लागि भएकोले सोही महिनामा मात्र प्रकाशन गर्नुहुन ।
२. विज्ञापन प्रकाशन गर्दा फरक अंकमा नदोहोराइकन फरक फरक विज्ञापन प्रकाशन गर्नुहुन अर्थात महिना भरीमा एउटा विज्ञापन एक पटक मात्र प्रकाशन गर्नुहुन ।
३. फाल्गुण महिनाको विज्ञापन प्रकाशन गरेपछि विज्ञापन प्रकाशन गरिएका पत्रपत्रिका र बील फाल्गुण महिनामा नै वा २०८१ साल चैत्र महिनाको ७ गतेभित्र अनिवार्यरुपमा बोर्ड/हुलाक निर्देशनालय/कार्यालयमा पेश गर्नुहुन ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Baburam Pandey
baburam.pandey512@gmail.com

(बाबु राम पाण्डे)
शाखा अधिकृत

बोधार्थः
हुलाक निर्देशनालय (मोरङ्ग, धनुषा, पोखरा, दाङ्ग, सुर्खेत र कैलाली)

# प्रजातन्त्र दिवस भव्यरूपमा मनाऔं ।

- ➢ प्रजातन्त्रको मूल मर्म मानवअधिकार र विधिको शासन हो,
- ➢ आवधिक निर्वाचन प्रजातन्त्रको आधारशिला हो,
- ➢ आफ्ना प्रतिनिधिहरू मार्फत शासनमा नागरिकको सहभागिता प्रजातान्त्रिक ब्यवस्थाको मर्म हो,
- ➢ शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलन प्रजातन्त्रको आधार हो,
- ➢ प्रजातन्त्र एक पद्धती, व्यबहार र आचरण पनि हो,

त्यसैले,

- ➢ प्रजातान्त्रिक संस्कार, आचार र ब्यवहारको अवलम्बन प्रत्येक नागरिकको कर्तव्य हो,
- ➢ त्यस तर्फ सचेत बनौं ।
- ➢ ७५ औं राष्ट्रिय प्रजातन्त्र दिवस सफल पारौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# प्रजातन्त्रको सम्मान गरौं

- राज्य शक्तिको स्रोत जनता हुन्,
- निर्वाचित प्रतिनिधिले शासन गर्ने प्रक्रिया प्रजातान्त्रिक पद्धति हो,
- आवधिक निर्वाचन प्रजातन्त्रको आधारस्तम्भ हो,
- नागरिक सर्वोच्चता, स्वतन्त्रता र समानता प्रजातन्त्रका आधारशिला हुन्,
- प्रजातन्त्रमा मौलिक हक र मानवअधिकारको संरक्षण हुन्छ,
- कानूनी शासन प्रजातन्त्रको अनिवार्य शर्त हो,
- शासकीय क्रियाकलापमा नागरिक सहभागिता र प्रतिनिधित्व सुनिश्चित गरौं,
- सामाजिक न्याय र सामाजिक सुरक्षा कायम गरौं,
- सभ्य, सुसंस्कृत र समुन्नत राष्ट्र निर्माणमा सबैले हातेमालो गरौं,

**प्रजातन्त्रको सम्मान गरौं, प्रजातान्त्रिक संस्कृतिको सम्वर्द्धन गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# प्रजातन्त्रका मुलभूत मान्यता

- जनताको बहुदलीय लोकतान्त्रिक शासन प्रणाली,
- मौलिक हक र मानव अधिकार,
- आवधिक निर्वाचन,
- बालिग मताधिकार,
- नागरिक स्वतन्त्रता,
- स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका,
- कानूनी राज्यको अवधारणा,
- पूर्ण प्रेस स्वतन्त्रता,
- शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलन ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# साइवर अपराधबाट बचौं ।

- सामाजिक सञ्जाल वा अन्य माध्यममा अश्लील श्रव्य, दृष्य वा श्रव्यदृष्य पोष्ट वा शेयर, लाईक नगरौं,
- सामाजिक सञ्जालमार्फत कसैको चरित्रहत्या नगरौं,
- सामाजिक सञ्जालमार्फत अमर्यादित कार्य नगरौं,
- सामाजिक सञ्जाल मार्फत गालीगलौज नगरौं,
- सामाजिक सञ्जालमा भ्रमपूर्ण सूचना तथा समाचार नराखौं,
- विद्युतीय माध्यममार्फत कुनै ठगी नगरौं ।

**यस्तो कार्य गर्ने गराउनेलाई कानूनी कारवाही हुन्छ ।**

**कानूनी कारबाहीबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# साइवर सुरक्षाबारे सचेत रहौं

- अपरिचित लिङ्क वा मेल नखोलौं,
- चिठ्ठा पर्‍यो भनि आएको मेल/लिङ्कहरूको विश्वासमा नपरौं,
- विभिन्न उपहार पठाउन रकम माग गरे विश्वास नगरौं,
- आफ्नो फोटो, भिडियो तथा व्यक्तिगत जानकारी जो कोहीसँग सेयर नगरौं,
- आकर्षक रोजगारी पाउने प्रलोभनमा रकम नपठाऔं,
- चिनजानकै व्यक्तिबाट मेसेजमा रकम माग गरेमा ह्याक भएको हुनसक्छ, त्यस्तो अवस्थामा रकम नपठाऔं,
- सार्वजनिक स्थानमा उपलब्ध फ्रि वाइफाइमा बैङ्किक कारोबार वा संवेदनशील जानकारी आदानप्रदान नगरौं।

**शंका लागेमा नजिकको प्रहरी वा साइवर ब्युरोमा सम्पर्क गरौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# फोहोरमैलाको उचित व्यवस्थापन गरौं ।

- घरवरिपरी तथा सार्वजनिक स्थानमा फोहोर नफालौं,
- फोहरलाई डस्विन वा फोहोर संकलन केन्द्रमा मात्रै फालौं,
- सकेसम्म प्लास्टिक प्रयोग नगरौं,
- प्लास्टिक तथा अन्य फोहरलाई नजलाऔं,
- कुहिने, नकुहिने र पुन:प्रयोग गर्न मिल्ने गरी छुट्टाछुट्टै भाडामा फोहोर राखौं ।

**फोहोरमैला व्यवस्थापनमा स्थानीय तहलाई सहयोग गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# बालबालिकामा शिक्षाको पहुँच पुऱ्याऔं

- उमेर पुग्ने वित्तिकै बालबालिकालाई विद्यालय भर्ना गरौं,
- विद्यालयमा बालबालिका रमाउने वातावरण सिर्जना गरौं,
- घरपरिवारमा सिकाइको वातावरण तयार गरौं,
- बालबालिका मैत्री शिक्षण सामग्री प्रयोग गरौं,
- बालबालिकाको रुचिबमोजिम खेल्दै, पढ्दै सिक्ने वातावरण निर्माण गरौं,
- बालबालिकाको फरक क्षमता अनुसार सिकाईको अवसर प्रदान गरौं,
- बालबालिकालाई पढाईका साथसाथै अतिरिक्त क्रियाकलापमा समेत सहभागी गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# रक्तदान गरौं

- हाम्रो थोँरै रगतले पनि अरुको ज्यान जोगिन सक्छ,
- हरेक स्वस्थ व्यक्तिले तीन-तीन महिनामा रक्तदान गर्न मिल्छ,
- १८ वर्षदेखि ६५ वर्षको उमेरसम्म रक्तदान गर्न सकिन्छ,
- रगतको अन्य विकल्प नभएकोले रक्तदान नै एकमात्र उपाय हो,
- रक्तदानमा कुनै धर्म र जात हुँदैन,
- रक्तदान महादान र जीवन दान हो ।

**आफूले पनि रक्तदान गरौं, अरुलाई पनि रक्तदान गर्न प्रेरित गरौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# महिला अधिकारको सम्मान गरौं

- महिलालाई समाज र देशको मुलधारमा ल्याउन पहल गरौं,
- महिलाको प्राकृतिक पहिचानको सम्मान गरौं,
- महिला सशक्तिकरणमा ध्यान दिऔं,
- लैंगिक समानता कायम गर्न महिलालाई विशेष अवसर प्रदान गरौं,
- सम्पत्तिको स्वामित्वमा महिलाको सहभागिता बढाऔं,
- संविधान र कानुनले दिएका महिला अधिकारको सम्मान गरी कार्यान्वन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सडकको संरक्षण गरौं

➢सडक सबैको साझा सम्पत्ति हो, त्यसको संरक्षण र संवर्द्धन गर्नु सबैको दायित्व हो,

**त्यसैले,**

➢ सडक सीमा अतिक्रमण गरी घर, टहरा निर्माण नगरौं,

➢निर्माण सामाग्री सडकमा नथुपारौं,

➢ सडकमा सवारी साधन धुने नगरौं,

➢सडकका नालीमा अवरोध नगरौं,

➢सवारी आवागमनमा वाधा नपुऱ्याऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सुत्केरीको स्वास्थ्यमा ध्यान पुऱ्याऔं

- गर्भावस्थामा कम्तिमा आठ पटक स्वास्थ्य जाँच गराऔं,
- स्वास्थ्य संस्थामा नै प्रसुति सेवा लिऔं,
- नियमित पोषिलो खानेकुरा खुवाऔं,
- बच्चा जन्मनेवित्तिकै विगौती दुध खुवाऔं,
- छ महिनासम्म आमाको दुधमात्र खुवाऔं,
- बच्चा जन्मेपछि स्वास्थ्य संस्थामा गई स्वास्थ्य परीक्षण गराऔं,
- राष्ट्रिय खोप तालिकाअनुसार बालवालिकालाई सबै खोप लगाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# जैविक विविधताको संरक्षण गरौं

- वनजङ्गलको संरक्षण र वृक्षारोपणका कार्यक्रम संचालन गरौं,
- जलाधार क्षेत्र र सिमसार क्षेत्रको संरक्षणमा जुटौं,
- दुर्लभ वनस्पति तथा पशुपंक्षीको अवैध सिकार र तस्करीविरुद्ध आवाज उठाऔं,
- वातावरणीय सन्तुलन कायम हुने गरी विकासको कार्यक्रम संचालन गरौं,
- परम्परागत कृषि बाली र पशु नश्लको संरक्षण गरौं ।

**जैविक विविधताको संरक्षण बारेमा जनचेतना जगाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# नैतिक आचरणको पालना गरौं

- झुट, छलकपटजस्ता अनैतिक क्रियाकलापबाट टाढा रहौं,
- आफ्नो कर्तव्यप्रति इमान्दार बनौं,
- असहाय, वृद्ध, अपाङ्गता भएको व्यक्तिलाई सहयोग गरौं,
- कानुन र विधिको पालना गरौं,
- भ्रष्टाचार, बेइमानीजस्ता अनैतिक क्रियाकलापविरुद्ध आवाज उठाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# लागूऔषध प्रयोग नगरौं

लागूऔषधको सेवनले,

- ➢ मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर गर्छ,
- ➢ परिवार, साथीभाई र आफन्तसँग सम्बन्ध बिग्रन सक्छ,
- ➢ सामाजिक सम्मानमा गिरावट ल्याउँछ,
- ➢ सामाजिक अपराध र विकृति बढ्छन्,

**त्यसैले,**

लागूऔषधको उत्पादन, सञ्चय, ओसारपसार बिक्रिवितरण तथा सेवन नगरौं र गर्न नदिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# अपाङ्गताका आधारमा हुने विभेदको अन्त्य गरौं

- अपाङ्गता भएका व्यक्तिको मानवअधिकार सुनिश्चित गरौं,
- अपाङ्गताको आधारमा गरिने भेदभाव सार्वजनिक अपराध हो, यस्ता भेदभावको अन्त्य गरौं,
- सार्वजनिक निकायका पूर्वाधार र सेवा प्रवाह अपाङ्गमैत्री बनाऔं,
- सार्वजनिक बिद्युतीय सूचना प्रणाली र संचारलाई अपाङ्गतामैत्री बनाऔं,
- अपाङ्गताको आधारमा गरिने हरेक विभेद विरुद्ध खुलेर बोल्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड